बैठक संख्या : ०८२/०८३/१६

आज मिति २०८३/०१/१० गते बिहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :८.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री बिष्णु माया लुङ्के | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | Absent |
| ४ | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | Absent |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | Absent. |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिब | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | सं.पु.अ. | |
| १९. | श्री सन्तोष दायाल | ले. अ. | |
| २०. | धर्मेन्द्र कु. यादव | इन्जिनियर | |
| | | | |

## कार्यपालिकाको सोह्रौ बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८३/०१/१०

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा,
२. विभिन्न परिपत्रबारे जानकारी सम्बन्धमा,
३. आ.व.२०८३/०८४ का लागि लुम्बिनी प्रदेश विशेष कार्यक्रम प्रस्ताव सम्बन्धमा,
४. आ.व.२०८३/०८४ का लागि लुम्बिनी प्रदेश समपुरक योजना प्रस्ताव सम्बन्धमा,
५. आ.व. २०८३/०८४ का लागि प्राप्त हुने अनुमानित बजेट सम्बन्धमा,
६. आ.व.२०८३/०८४ का लगि टोल बस्ती स्तरको योजना छनौट सम्बन्धमा,
७. चालु आ.व. २०८२/०८३ को निर्माणका योजना सम्झौता सम्बन्धमा,
८. सहकारी संस्था अनुगमन, मुल्याङ्कन तथा नियमन कार्यविधि,२०८२ सम्बन्धमा,
९. सर्वोच्च अदालतबाट जारी परमादेश सम्बन्धमा,
१०.अत्यावश्यक औषधी खरिद सम्बन्धमा,
११.विद्यालयमा पठनपाठन सञ्चालन सम्बन्धमा,
१२.विविध।
   क) आरन उद्योग सञ्चालन अनुदान सम्बन्धमा,
   ख) पूर्ण खोप सुनिश्चित वडा तथा पालिका घोषणा सम्बन्धमा,
   ग) पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा तथा पालिका घोषणा सम्बन्धमा,
   घ) आर्थिक सहयोग सम्बन्धमा।

निर्णयहरुः-

१. कार्यपालिकाको यस अघिको बैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो। कार्यान्वयन हुन बाँकी निर्णयलाई शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. संघीय मामिला मन्त्रालय, जिल्ला प्रशासन कार्यालय लगायत विभिन्न निकायबाट प्राप्त पत्र/परिपत्र बैठकमा पढेर जानकारी गराईयो।

३. लुम्बिनी प्रदेश सरकार लुम्बिनी प्रदेश योजना आयोगको मिति २०८२/१२/२७ को च.नं. २३६ बमोजिम आर्थिक वर्ष २०८३/०८४ का लागि देहायका विशेष अनुदान तर्फका कार्यक्रम तथा योजना छनौट गरी लुम्बिनी प्रदेश योजना आयोगमा मिति २०८३/०१/१५ गते भित्र पठाउने सर्वसम्मतीले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत    अध्यक्ष

| क.सं. | योजनाको नाम | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक विद्यालयहरुमा ICT/ शैक्षिक सामग्री व्यवस्थापन कार्यक्रम | ४००००००/- (चालिस लाख) | |
| २ | हात्तिलुङ्ग खानेपानी आयोजना | ४००००००/- (चालिस लाख) | |
| जम्मा | | ८००००००/- (असी लाख) | |

४. लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/१२/२७ च.नं. ६१९ बमोजिम आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश समपुरक अनुदानका आयोजनाको लागि देहाय बमोजिमको योजना छनौट गरी २०८३ वैशाख १५ गते भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने सर्वसम्मतिले निर्णय गरियो।

| क.सं. | योजनाको नाम | प्रस्तावित बजेट | गाउँपालिकाबाट ब्यहोर्ने ५०% | प्रदेश सरकारबाट ब्यहोर्ने ५०% | कैफियत |
|---|---|---|---|---|---|
| १ | सराई मोटरबाटो स्तरोन्नती | २०००००००/- (दुई करोड लाख) | १०००००००/- (एक करोड) | १०००००००/- (एक करोड) | |
| २ | जगात भुटुके महलपोखरी मो.बा. स्तरोन्नती | २०००००००/- (दुई करोड लाख) | १०००००००/- (एक करोड) | १०००००००/- (एक करोड) | |
| जम्मा | | ४०००००००/- (चार करोड) | २०००००००/- (दुई करोड ) | २०००००००/- (दुई करोड ) | |

५. आ.व. २०८३/०८४ मा माथागढी गाउँपालिकामा नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने बजेट सिलिङ्ग देहाय बमोजिम रहेको बैठकमा जानकारी गराईयो।

नेपाल सरकारबाट

- समानिकरण तर्फ रु. १०,७९,००,०००/-
- राजश्व बाडफाड तर्फ रु. ११,१३,२७,०००/-

लुम्बिनी प्रदेश सरकारबाट

- समानिकरण तर्फ रु. ७१,७८,०००/-
- राजश्व बाडफाड तर्फ रु. १,१३,८६,०००/-

६. आ.व.२०८३/०८४ का लगि प्रत्येक वडाका टोल बस्तीबाट योजना छनौट गर्न सबै सरोकारवाला भेला गरी मिति २०८३ बैशाख मसान्तसम्म सम्पन्न गर्ने सर्वसम्मतिले निर्णय गरियो।

७. चालु आ.व. २०८२/०८३ को निर्माणका केहि योजनाहरु सम्झौता गर्न बाँकी रहेकोले मिति २०८३ बैशाख २५ गते सम्म अनिवार्य रुपमा सम्झौता गर्न पठाउने र सो भन्दा पछि कुनै पनि निर्माणका योजना सम्झौता नगर्ने सर्वसम्मतिले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

८. माथागढी गाउँपालिकाको सहकारी संस्था अनुगमन, मुल्याङ्कन तथा नियमन कार्यविधि,२०८२ सम्बन्धमा दफाबार छलफल गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो।

९. सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०९/१९ मा जारी भएको परमादेश यस माथागढी गाउँपालिका विरुद्ध समेत भएकोले गाउँपालिकाको नाउमा जारी भएको सूचना म्याद भित्र सोको जवाफ लेख्न तथा सहजीकरण गर्न अधिवक्ता नारायण ज्ञवालीलाई अनुरोध गर्ने र निजलाई समुचित पारिश्रमिक उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

१०.गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा आकस्मिक अत्यावश्यक औषधीहरु अभाव हुन गएको हुनाले देहायका अत्यावश्यक औषधी खरिद गरि आपुर्ती गर्न वाञ्छनिय भएकोले यस अघि टेण्डर गरी बचेको रकम मध्येबाट रु. १०००००/- नबढ्ने गरी औषधी खरिद गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

- Iron Tab.,
- Calciam Tab,
- Amlodipine Tab etc.

११.लामो समयसम्म विद्यालय बन्द भएकोले अभिभावकको व्यापक गुनासो आईरहेको हुँदा माथागढी गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुमा मिति २०८३ वैशाख १५ गते देखि विद्यार्थी भर्नाका साथै पठनपाठन सुचारु गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

१२. विविध

क) चालु आ.व.मा बिनियोजित आरन उद्योग सञ्चालन शिर्षकको बजेटबाट ८ वटै वडामा आरन सञ्चालन गरेका उद्यमीहरुलाई अनुदान मागको लागि सूचना सम्प्रेसरण गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ख) माथागढी गाउँपालिकाका ८ वटै वडा र गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गर्न सबै प्रक्रिया पुरा भएकोले मिति तथा समय मिलाई घोषणा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ग) माथागढी गाउँपालिकाका ८ वटै वडा र गाउँपालिकालाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त घोषणा गर्न सबै प्रक्रिया पुरा भएकोले मिति तथा समय मिलाई घोषणा गर्ने सर्वसम्मतिले निर्णय गरियो।

घ) आर्थिक रुपले विपन्न रहेका देहायका व्यक्तिहरुलाई वडाबाट सिफारिस भई आएको हुनाले देहाय बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क.नं. | व्यक्तिको नाम | ठेगाना | विवरण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मन्दी बराल | माथागढी-७ | छोरा पुजन बरालको दुवै खुट्टा घुडा देखि नभएको कृतिम खुट्टा राख्न | १०,०००/- | |
| २ | विष्णु कुमारी घर्ती क्षेत्री | माथागढी-४ | हावाहुरीले घर भत्कएको | १०,०००/- | |
| ३ | माया देवि घर्ति | माथागढी-२ | श्रीमान रुखबाट लडेको | ५,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत    अध्यक्ष